अध्यक्ष

श्री लक्ष्मी बगिया सामुदायिक वन उपभेक्ता समुह

शान्तिनगर - १ बगिया दाङ

## काठ/दाउरा लिलाम सम्वन्धी सुचना ।

**दोस्रो पटक प्रकाशित - २०८१/०५/०३ (सौर्य दैनिक)**

यस सामुदायिक वनको स्वीकृत वन सम्वर्द्धन पणालीमा आधारीत वन कार्ययोजना वमोजिम डिभिजन वन कार्यालय दाङबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शान्तिनगर - १ वन खेतमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ दाउराको कारोवार गर्ने उदेश्यले स्थायी लेखा नम्वर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र वोलपत्र खरिद गरी १६ औं दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ

| सि. नं | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मा | लट नं. १ | B | १ | ८.५३ | ३००।- | कटान मुछान खर्च काठ रु. १६५।-प्रति क्यु.फि. दाउरा १८०००।- प्रति चट्टा । धाङ नं. १,११ र दाउरा |
| | | | C | ४ | १६.५८ | १००।- | |
| | कार्पो | | - | ५ | ५४.०९ | १००।- | |
| | साल | | A | ३१ | ५२०.०४ | १२५०।- | |
| | | | B | ३० | ३५९.९२ | ९००।- | |
| | | | C | २२ | १४५.५३ | ६००।- | |
| | | | साल दाउरा १५.०० चट्टा । | | | १२०००।- | |
| ३ | साल | लट नं. २ | A | २५ | ३६२.२४ | १२५०।- | कटान मुछान खर्च काठ रु. १६५।-प्रति क्यु.फि. धाङ नं. ६,८ र ९ |
| | | | B | ५१ | ३९८.३२ | ९००।- | |
| | | | C | १८९ | ७५५.६० | ६००।- | |
| | | | D | २१ | ४३.७४ | ३००।- | |
| ४ | साल | लट नं. ३ | A | ३३ | ६५९.८२ | १२५०।- | कटान मुछान खर्च काठ रु. १६५।-प्रति क्यु.फि. धाङ नं. ३,४ र ५ |
| | | | B | ४८ | ५४०.८२ | ९००।- | |
| | | | C | १२४ | ५५४.५७ | ६००।- | |
| | | | D | ९ | १७.९२ | ३००।- | |

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०५/१७ गते कार्यालय समय भित्र । (विदा परे सो को भोलि पल्ट)

२. वोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०५/१८ गते कार्यालय समय भित्र । (विदा परे सो को भोलि पल्ट)

३. वोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

(क) समुहको कार्यालय । (ख) डिभिजन वन कार्यालय घोराही दाङ ।

४. वोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा रहेको रा.व.बैक शाखा कार्यालय तुलसीपुर दाङमा रहेको खाता नं. ४१६०१००००२९९७००१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ (छ) महिनाको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

५. प्रति वोलपत्र वापत रु. २०००(फिर्ता नहुने) लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ ।

६. लिलाम हुने वन पैदावार शान्तिनगर १ वन खेतमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको वोलपत्र पेश भएमा मिति २०८१/०५/१९ गते दिउसो ४.०० बजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको को प्रतिलिपिहरु वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. वोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

११ लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च वुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

११. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१२. लट अनुसार छुट्टाछुट्टै वोलपत्र पेश गर्नु पर्ने छ ।

१३. अन्य प्रचलित कानुन वमोजिम हुने छ ।

CS CamScanner